आज मिति २०८० साल फागुन २३ गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को १६ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य -

श्री उषा देवी यादव - कार्यपालिका सदस्य -

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य - सुनिता

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य - समतोलिया

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य -

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य -

श्री रामराज पौडेल - सचिव -

<u>आमन्त्रित</u> :

श्री मचिन्द्र कुमार थलङ (लिम्बु) - प्रशासन अधिकृत -

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. कर्मचारी तहवृद्धि सम्बन्धमा ।
३. सुकुम्बासीलाई पूर्जा वितरण गर्ने सम्बन्धमा ।
४. बास्तविक सुकुम्बासी एकिन गर्ने सम्बन्धमा ।
५. फर्निचर खरिद/निर्माण हस्तान्तरण गर्ने सम्बन्धमा ।
६. मर्मत संभारको रकम भुक्तानी सम्बन्धमा ।
७. देवानगञ्ज गाउँपालिकाको वस्तुस्थिति विवरण (Digital Profile) सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/११/१८ गते बसेको आ.व. २०८०/०८१ को १५ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको मिति २०८०/१०/२४ मा बसेको १३ औं कार्यपालिका बैठकको निर्णय नं.२ बमोजिमको समिति बाट सिफारिस भई आएका तपसिल बमोजिमका कर्मचारीहरुको **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०** को दफा (४) को उपदफा (५) बमोजिम तहवृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | कर्मचारीको नाम | कर्मचारी संकेत नं. | हाल कार्यरत पद, तह | तह वृद्धि गरिएको तह | कै. |
|---|---|---|---|---|---|
| १ | प्रसन्नध्वज कार्की | १९५०३३ | सहायक, पाँचौ | अधिकृत छैठौं | |
| २ | मनोज कुमार यादव | २२१२२८ | कविराज, पाँचौ | कविराज निरीक्षक छैठौं | |
| ३ | नारायण कुमार मेहता | २३३८८९ | सहायक, चौथो | सहायक पाँचौ | |
| ४ | सुशिल कुमार मेहता | २३२८६० | अ.हे.व., चौथो | सि.अ.हे.व. पाँचौ | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग जिल्ला समिति सुनसरीको मिति २०८०/११/२३ गतेको निर्णय अनुसार देवानगञ्ज गा.पा. वाड नं.३ को साविक कप्तानगञ्ज ६क को कि.नं.१२९ मा बसोबास गरिआएका ६ जना भूमिहिन दलित, भूमिहिन सुकुम्बासीहरुलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्नु पर्ने भएको हुँदा यहि मिति २०८०/११/२८ गते सोमबारका दिन देवानगञ्ज गा.पा. वाड नं.३ को साविक कप्तानगञ्ज ६क गेड भगवान मन्दिरको प्राङ्गणबाट पूर्जा वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. २, मुसहरी टोलमा सार्वजनिक सडक क्षेत्रमा बसोवास गरेका तर आफ्नो तथा एका सगोलको परिवारका सदस्यको नाममा कतैपनि जग्गा जमिन नभएका सुकुम्बासी वडा कार्यालय मार्फत एकिन गरि ७ दिन भित्र गाउँपालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.५ मा रहेको श्री अमरसिंह मा.वि. मा कक्षा ११ र १२ को परीक्षा केन्द्र रहने भएको तथा विद्यार्थी चापको कारण डेक्स-बेन्च अभाव हुने भएकोले १२५ थान डेक्स-बेन्च उपलब्ध गराईदिन माग निवेदन भई आएको हुँदा विभिन्न विद्यालयको संरचना मर्मत संभार शिर्षकबाट रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैया मात्र) मा नबढ्ने गरी खरिद/निर्माण गरी हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ मा रहेको श्री माध्यमिक विद्यालयको शौचालय मर्मत, मन्दिर रङ्ग रोगन तथा ग्राउण्डमा माटोपुर्ने लगायतका कार्य गर्दा भएको खर्च विभिन्न विद्यालयको संरचना मर्मत संभार शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा साउथ एशियन टुरिजम एड्भाईजर्स एण्ड इन्जिनियर कन्सल्टेन्ट प्रा.लि., ललितपुरबाट पेश भएको देवानगञ्ज गाउँपालिकाको वस्तुस्थिति विवरण (Digital Profile) तयारीको सम्बन्धमा घरघुरी तथा संस्थागत तथ्याङ्क संकलन सम्बन्धि ढाँचा तथा औजार, कार्य योजना माथि छलफल गरि सर्वसम्मत स्वीकृत गरियो ।